विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) बमोजिम

**मुलुकी अपराध संहिता, २०७४ लाई संशोधन गर्न बनेको विधेयक**

तर्जुमा गर्नुको कारण र त्यसले पार्ने प्रभाव

**१. कुन समस्या सम्बोधनको लागि विधेयक तर्जुमा गर्नु परेको हो सोको विवरणः**

- हाल प्रचलनमा रहेको मुलुकी अपराध संहिता, २०७४ मा निर्दोष सहयोगीमार्फत अपराध गराएको सम्बन्धी कुनै कानूनी व्यवस्था नरहेको हुँदा अब निर्दोष सहयोगी मार्फत कसैले अपराध गराउन कुनै जीवजन्तु, साधन वा कृत्रिम बुद्धिमता जस्ता निर्दोष सहयोगीको प्रयोग गरेको रहेछ भने त्यस्तो व्यक्तिलाई निजले नै अपराध गरेको मानी सजाय गर्ने व्यवस्था थप गर्न,
- हाल पटके कसूर कायम गर्दा साविकमा सजाय भुक्तान गरेपछि पुनः अर्को कसूर गरेमा मात्र पटक कायम हुने व्यवस्था रहेकोमा सो व्यवस्था परिवर्तन गरी एउटा कसूरमा सजाय भएको व्यक्तिले पुनः कसूर गरेमा पटक कायम हुने व्यवस्था गर्न,
- पुरुषले बहुविवाह गरेमा सजाय हुने साविकको व्यवस्थालाई परिमार्जन गरी अब पुरुष वा महिला दुवैले बहुविवाह गर्न नपाउने व्यवस्था गर्न,
- साविकमा पुरुषले मात्र जबरजस्ती करणी गर्ने हुँदा पुरुषलाई मात्र सजायको व्यवस्था गरिएकोमा पुरुषले मात्र जबरजस्ती करणी गर्ने नभई महिलाबाट समेत जबरजस्ती करणी हुन सक्ने अवस्थालाई विचार गरी अब महिला तथा पुरुष दुवैलाई जबरजस्ती करणीमा सजाय हुने व्यवस्था गर्न,
- हालको कानूनी व्यवस्थामा Romeo Juliet clause नरहेको हुँदा अब ३ वर्ष उमेर अन्तर भएको र महिला वा पुरुष मध्ये एक जनाको उमेर १८ वर्ष भन्दा कम भएकोमा वैवाहिक सम्बन्ध कायम भई करणी भएकोमा सजाय गर्दा ३ वर्ष मात्र हुने व्यवस्था गर्न,
- बालबालिकालाई हुने सजायमा हाल दश वर्ष नपुगेको बालबालिकाले कसूर गरेमा निजलाई कुनै सजाय नहुने व्यवस्था गरिएकोमा सो उमेर बाह्र वर्ष कायम गर्न,
- हाल कायम रहेको गर्भपतन गराउन सकिने अवधि पच्चीस हप्तालाई संशोधन गरी अठ्ठाइस हप्ता बनाउने, जबरजस्ती करणी वा हाडनातामा करणीबाट रहन गएको अठार हप्तासम्मको गर्भ गर्भवती महिलाको मञ्जुरीले गर्भपतन गराउन सक्ने व्यवस्थालाई संशोधन गरी गर्भवती महिलाको मञ्जुरीले निजको ज्यानमा खतरा नपुग्ने गरी जहिलेसुकै गर्भपतन गराउन सक्ने लगायतका व्यवस्था कायम गर्न।

**२. विधेयकको व्यवस्थाबाट मौलिक हक तथा मानव अधिकारको क्षेत्रमा पर्ने प्रभावः**

- नेपालको संविधानको धारा १८ को उपधारा (१) मा सबै नागरिक कानूनको दृष्टिमा समान हुने र कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिने हक रहेकोमा प्रस्तुत विधेयकमा पुरुष वा महिला दुवैले बहुविवाह गर्न नपाउने, महिला तथा पुरुष दुवैलाई

जबरजस्ती करणीमा सजाय हुने लगायतका व्यवस्था गरी नागरिकको समानताको हकको प्रत्याभूति हुने,

- नेपालको संविधानको धारा ३८ को उपधारा (२) मा रहेको प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुने व्यवस्थाको सुनिश्चितता हुने,
- नेपालको संविधानको धारा ३९ मा रहेको बालबालिकाको हकको प्रत्याभूति हुने,

**३. विधेयकको व्यवस्थाबाट पर्ने आर्थिक तथा वित्तीय प्रभावः**

- हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ बमोजिमका प्रक्रियालाई थप सरलीकृत गर्ने तथा व्यक्तिको मौलिक हक प्रचलनको लागि हाल कायम रहेकै व्यवस्थाबाट संशोधित व्यवस्था कार्यान्वयन गर्न सकिने हुँदा नेपाल सरकारलाई थप आर्थिक भार पर्ने अवस्था नरहेको।

**४. विधेयकको व्यवस्थाबाट दिगो विकासको लक्ष्य हासल गर्न पुग्ने सहयोगः**

- दिगो विकासका १७ लक्ष्यमध्ये लक्ष्य नं ५ मा उल्लिखित लैङ्गिक समानता हासिल गर्न र सबै महिला तथा बालिकाहरूलाई सशक्त बनाउन तथा लक्ष्य नं १६ मा उल्लिखित दिगो विकासको लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्न, सबैका लागि न्यायमा पहुँच प्रदान गर्न तथा सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्था निर्माण गर्न प्रस्तुत विधेयकको व्यवस्थाले सहयोग पुग्ने।

**५. विधेयकको व्यवस्थाबाट सुशासन प्रवर्द्धनमा पर्ने प्रभावः**

- एउटा कसूरमा सजाय भएको व्यक्तिले पुनः कसूर गरेमा पटक कायम हुने व्यवस्था गर्दा फौजदारी न्याय प्रणालीको विकास अनुकूल हुने।

**६. विधेयकको व्यवस्थाबाट जलवायु अनुकूलनमा पुग्ने सहयोगः**

- नभएको।

**७. अन्य आवश्यक विषयः**

- विधेयकमा देहाय बमोजिमका विषय समेत समावेश रहेकोः-
    - ➢ मुलुकी अपराध संहिताको बहिर्क्षेत्रीय प्रयोग अन्तर्गत भ्रष्टाचार, विमान अपहरण वा नागरिक उड्डयनका सुरक्षा विरूद्धका कसूर, सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी, अन्तर्राष्ट्रिय रूपमा संरक्षित व्यक्ति विरूद्धका हिंसात्मक कसूर, अपहरण, शरीर बन्धक, लागू औषधको कारोबार लगायतका कसूर नेपाल बाहिर जहाँसुकै गरेको भए तापनि देहायको अवस्थामा त्यस्तो कसूर नेपाल भित्र नै भए वा गरे सरह सजाय गर्ने,
    - ➢ कसूरको गम्भीरता बढाउने अवस्थामा गर्भवती महिला विरुद्ध कसूर गरेको अवस्था थप गर्ने,

- सजायका प्रकार अन्तर्गत स्थानहदमा राख्ने व्यवस्था थप गर्ने,
- संहितामा कसूर भएपछि पीडित वा पीडितको परिवारलाई कुनै प्रकारको अनुचित दबाब दिने कार्यलाई कसूर कायम गर्ने,
- अन्तर्राष्ट्रिय रूपमा संरक्षित व्यक्ति विरुद्ध हिंसात्मक कार्य गर्न वा गराउन नदिने,
- कुनै व्यक्तिको संवेदनशील अङ्गको दृश्यावलोकन वा छायाँङ्कन गर्न गर्ने कार्यलाई कसूर कायम गर्ने,
- कुनै व्यक्तिलाई अवाञ्छित हैरानी (स्टकिङ्ग) वा साइबर फिसिङ्ग वा ईम्पोष्टर स्क्याम वा साइबर बुलिङ्ग गरेमा कसूर कायम गर्ने।